

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नें छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ५ गते शुक्रबार ❑ 22 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गणतन्त्र र सङ्घीयतामाथिको प्रहार स्वीकार्य छैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ असोज



गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गणतन्त्र र सङ्घीयतामाथिको प्रहार स्वीकार्य नहुने बताउनुभएको छ।

म्याग्दीको बेनीमा बिहीबारदेखि शुरु भएको नेपाल जेसीजको क्षेत्र (ख) सम्मेलनको उद्घाटनका क्रममा मुख्यमन्त्री पाण्डेले संविधान र अहिलेको व्यवस्थाप्रति भ्रम फैलाउने गतिविधि स्वीकार्य नभएको बताउनुभयो । "आफूलाई मन नपरेको र चित्त बुझेको विषयमा स्वच्छ आलोचना गर्ने अधिकार यही व्यवस्थाले नागरिकलाई दिएको छ, गणतन्त्र र सङ्घीयतालाई अझै सुदृढ बनाउन सकेमा मात्र नागरिकको अधिकार सुरक्षित हुन्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "गल्ती गर्ने जोकोहीले पनि सजाय भोग्नुपर्ने अवस्था अहिलेको व्यवस्थाले ल्याएको सुन्दर पक्ष हो ।" दुई सय ४० वर्षको राजतन्त्र, ३० वर्षे पञ्चायती व्यवस्था र एक सय चार वर्षे राणा शासनको इतिहास अध्ययन गर्न अनुरोध गर्दै मुख्यमन्त्री पाण्डेले संविधान र सङ्घीयता कार्यान्वयनका क्रममा देखिएका कमजोरीबाट पाठ सिकेर सबैले आफ्नो ठाउँबाट जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

प्रदेश सरकारले म्याग्दी, मनाङ, मुस्ताङलगायत विकासमा पछाडि परेका जिल्लाको पूर्वाधार निर्माणमा चालु आर्थिक वर्षमा प्राथमिकताका साथ बजेट बिनियोजन गरेको बताउदै उहाँले सङ्घीयताका कारण पहुँच नभएका र पछाडि परेका क्षेत्र, समुदाय र भूगोलका नागरिकले विकासको लाभ लिन थालेको बताउनुभयो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले प्रदेश सरकार मातहतको बेनी अस्पताल नगरपालिकालाई हस्तान्तरणका लागि गर्नुभएको प्रस्तावका विषयमा मुख्यमन्त्री पाण्डेले अस्पताल सञ्चालन गर्ने बजेटको स्रोत सुनिश्चितता गरेर आउन आग्रह गर्नुभयो ।

"तीन वटै तहका सरकारले समन्वय र सहकार्य गरेर आफ्नो अधिकार क्षेत्रमा रहेर जिम्मेवार भएर काम गर्न आवश्यक छ", उहाँले भन्नुभयो, "एकले अर्कालाई दोषारोपण गर्ने र जिम्मेवारीबाट पन्छने छुट कसैलाई छैन।" मुख्यमन्त्री पाण्डेले म्याग्दीको 'लाइफलाइन' मानिएको बेनी-दरवाङ सडकको प्रमुख समस्या बनेको बेनी नगरपालिका र मङ्गला गाउँपालिकाको सिमानामा रहेको फापरखेतको पहिरोको विकल्पमा वैकल्पिक सडक र म्याग्दी नदीमा बेलिब्रिज निर्माण गर्ने घोषणा गर्नुभयो । गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले म्याग्दीका मुख्य सडकलाई कालोपत्र र सहायक सडकलाई ग्राभेल गर्ने लक्ष्यसहित योजनाका लागि बजेट बिनियोजन गरेको जानकारी दिनुभयो । अलपत्र अवस्थामा रहेको बेनी अस्पतालको ५० शयूया क्षमताको भवनलाई पूर्णता दिन सङ्घीय सरकार र निर्माण व्यवसायीलाई सहजिकरण गरेर काममा फर्काउने प्रयास गरिरहेको उहाँको भनाइ छ । "बेनी अस्पतालको भवन निर्माण गर्ने ठेक्का लिएको निर्माण कम्पनीलाई निरन्तर ताकेता गरेर काममा फर्काउने र कामलाई तीव्रता नदिए ठेक्का तोड्नुपर्ने दुई वटा मात्रै विकल्पमा केन्द्रित भएका छौ," उहाँले भन्नुभयो । म्याग्दी जेसीज स्थापना भएको २५ वर्ष पूरा भएको अवसरमा आयोजना गरिएको सम्मेलनको उद्घाटन समारोहमा म्याग्दीका भेडापालक कृषक हिमबहादुर छन्त्याल, अल्लो उद्यमी किरण थापा, पहिरोग्रस्त क्षेत्रमा उद्धारमा योगदान पुर्‍याउनुहुने इन्द्रसिंह शेरचन र गायक प्रकाश दुतराजलाई सम्मान गरिएको थियो । निर्वाचन क्षेत्र (२) अन्तर्गतका ४१ शाखासहित देशभरका १७८ वटै जेसीजका प्रतिनिधि पर्यवेक्षकहरुको सहभागिता रहेको सम्मेलन दुई दिनसम्म चल्ने म्याग्दी जेसीजका शाखा अध्यक्ष सुमन बानियाले बताउनुभयो ।

"सम्मेलनमा म्याग्दीको पहिचान र चिनारी गराउने कोसीस गरेका छौं", उहाँले भन्नुभयो, "यो सम्मेलनले थलिएको बेनीको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरेका छौ ।" नेपाल जेसीजका कार्यक्रमका साथै जिल्लाको पर्यटन विकास, प्रवर्द्धन, उत्पादित बस्तु तथा उपजको प्रचारप्रसारका साथै कला, संस्कृतिको संरक्षणसंग जोडिएको उहाँले बताउनुभयो । उद्घाटन समारोह सुरु हुनु अघि विभिन्न जातजातीको झाँकीसहितको र्‍यालीले बेनी बजार परिक्रमा गरेको थियो । म्याग्दीका विभिन्न समुदायले चोक चोकमा झाँकी देखाएर अतिथिलाई स्वागत गरेका थिए । अतिथिहरुलाई अल्लोको धागोबाट बुनेका झोला, बेनीको बजारको गीत लेखिएको रुमाल, पवित्र कालीगण्डकी नदीमा पाइने शालिग्राम मायाको चिनोको रुपमा प्रदान गरिने सम्मेलनका निर्देशक सुविन श्रेष्ठले बताउनुभयो । प्रतिनिधिहरुलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सरकार र शिक्षक महासंघबीच शुक्रबार बिहान वार्ता गर्ने

**रासस**
काठमाडौं, ४ असोज

विभिन्न माग राखी यही असोज ३ गतेदेखि आन्दोलनमा रहेको नेपाल शिक्षक महासंघ र सरकारबीच बिहीबार भएको वार्ता सकारात्मक निश्कर्षसहित टुङ्गिएको छ।

कानून, न्याय, तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले महासंघसँगको बिहीबारको छलफल सकारात्मक रहेको र शुक्रबार बिहान पुनः वार्तामा बसेर सहमति गर्ने टुङ्गो लागेको बताउनुभयो । "आज सकारात्मक छलफल भएको छ। बिहानको भन्दा अहिले बुँदागत रुपमा छलफल भएको छ । उहाँहरूले जुन माग राख्नुभएको थियो, त्यसैमा रहेर आज छलफल भएको छ । भोलि बिहानसम्म टुङ्गिन्छ", उहाँले भन्नुभयो। त्यस्तै, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले पनि छलफल सकारात्मक रहेकाले समस्याका समाधान हुनेमा आशावादी रहेको बताउनुभयो । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थ मन्त्री डा प्रकाशशरण महत पनि वार्तामा सहभागी हुनुहुन्थ्यो।

शिक्षक महासंघ र सरकारका बीच बिहीबार बिहान पनि वार्ता भएकोमा सहमति जुट्न सकेको थिएन।

## मुस्ताङको स्याउ पोखरा सहितको अन्य बजारमा आउने सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

हिमाल पारीको जिल्ला मुस्ताङमा उत्पादन भएको स्याउ पोखरा सहितको अन्य बजारमा आउने सुरु भएको छ । मुस्ताङ क्षेत्रमा उत्पादन भएको तल्लो तटिय क्षेत्रको स्याउ बिक्रिको लागि पोखरा सहितको बजारमा जान सुरु भएको कृषि ज्ञान केन्द्र मुस्ताङका कार्यालय प्रमुख प्रकाश बस्ताकोटीले बताउनु भयो।

यसपाली मुस्ताङको स्याउको गुणस्तर कायम गर्दै किसानलाई उचित मुल्य उपलब्ध गराउने उद्धेश्यले असोज एक गते पछि मात्र स्याउ टिप्न अनुमति दिइएको असोजको ३ गते देखि पोखरा लगायतका क्षेत्रमा स्याउ जान थालेको उहाँले बताउनु भयो।

जलवायु परिवर्तनको कारण यसपाली फुल फुल्ने समयमा पानी परेको कारण परागसेचन (पोलिनेशन) हुन नपाएको हुदाँ गत बर्षको तुलनामा यस बर्ष स्याउ उत्पादनमा करिब ३० प्रतिशत घट्न सक्ने प्रमुख बस्ताकोटीले बताउनु भयो। मुस्ताङको तल्लो पालिका थासाङ र घरपझोङमा यस बर्ष स्याउ उत्पादनमा कमी आउने उहाँले दाबी गर्नु भयो । प्रमुख बस्ताकोटीका अनुसार मुस्ताङका अन्य गाउपालिका बाह्रगाउँ मुक्तिक्षेत्र, लोमाङथाङ र लो घेकर दामोदरकुण्डमा सामान्य रुपमा स्याउ उत्पादनमा कमी हुने छ । प्रमुख बस्ताकोटीका अनुसार मुस्ताङ क्षेत्रमा गत बर्ष करिब ६० करोड मुल्य बराबरको स्याउ बिक्रि भएको थियो। हाल मुस्ताङ क्षेत्रमा र होससेल रुपमा स्याउ प्रति केजी १ सय ८० मा बिक्रि भएको छ भने पोखराको बजारमा सामान्यतया २ सय ५० देखि ३ सय रुपैयामा बिक्रि हुने भएको छ। मुस्ताङमा खुद्रा रुपमा खरिद गर्दा भने प्रति केजी २ सय रुपैयामा स्याउ बिक्रि हुन थालेको स्थानियहरुले बताउनु भएको छ । जिल्ला समन्वय समिति मुस्ताङको समन्वयमा मुस्ताङका ५ वटै पालिकाका प्रमुख सहितको छलफलबाट असोज एक गते भित्र मुस्ताङमा स्याउ टिप्न नपाइने निर्णय गरेसगै मुस्ताङमा उत्पादन भएको स्याउ असोज पहिलो साताबाट मात्र पोखरा सहितका अन्य बजारमा जान थालेको हो । राम्रोसंग पुष्टिन नपाउदै मुस्ताङका किसानले उत्पादन गरेको स्याउ बजारमा जाने जसले गर्दा स्याउको गुणस्तरमा ह्रास आएको र किसानले उचित मुल्य नपाएकोले गर्दा उक्त निर्णय गरिएको जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङले बताउनु भयो। मुस्ताङमा उत्पादन हुने स्याँउ भदौं देखि नै बजारमा पठाउने हुदाँ मुस्ताङको स्याउँमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशका सांसदलाई सुनको जलप लगाएको लोगो

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज




गण्डकी प्रदेश सभा सदस्य (सांसद) हरुलाई सुनको जलप लगाएको लोगो उपलब्ध गराईने भएको छ।

लोगोमा माछापुच्छेलाई सुनौलो र माथिको भाग निलो एवं हिमाल तल सेतो रंग रहेको रहने गरी सेतो भागमा चाँदी र पहेंलो भागमा सुनको जलप लगाउने गरी लोगो बनाउन लागिएको हो । प्रदेश सभाबाट स्वीकृत नियमावलीनुसार नयाँ लोगो दिएसंगै नयाँ लोगो बनाउन लागिएको लोगो सम्बन्धी आवश्यक तयारी गर्न प्रदेशसभा नियमावली मस्यौदा समितिका सभापति विन्दुकुमार थापाले बताउनु भयो । नियमावलीको अनुसूची ८ मा सांसदले लगाउने प्रतीक चिन्ह (लोगो)का विषयमा स्पष्ट किटान गरिएको उहाँको भनाई छ । हाल आफुहरुले प्लाष्टिकको नमुना लोगो बनाएको र अब धातुमा उक्त लोगो बनाए पछि उक्त लोगोलाई अन्तिम रुप दिने गरी तयारी भएको सभापति थापाले बताउनु भयो । उहाँका अनुसार गण्डक प्रदेशको क्षेत्रलाई खरानी रंग दिइएको छ।

यसअघि प्रदेश सरकारले सार्वजनिक आव्हान मार्फत लोगोको डिजाइन मागेको थियो जसमा प्रदेश सभाकै कर्मचारीद्वारा डिजाइन गरिएको लोगो छनौट भएको हो । २५ हजार रुपैयाँ पुरस्कार राशीसहित उक्त लोगो छनौटमा परेको हो।

लोगो सम्बन्धी आवश्यक तयारी गर्न प्रदेशसभा नियमावली मस्यौदा समितिका सभापति थापा रहनु भएको छ भने भने सदस्य सुधिरकुमार पौडेलको संयोजकत्वमा उपसमिति बनाइएको छ । हालसम्म प्रदेशका सांसदहरुले प्लाष्टिकको लोगो लगाउदै आउनु भएको छ। अबको केही दिनमै नयाँ लोगोको डिजाइन पुनः एक पटक हेरेर त्यसलाई अन्तिम रुप दिने तयारी भएको थापाले बताउनु भयो। आवश्यक विधि र प्रकृया पूरा गरेर उक्त लोगो बनाउन कोटेसन आव्हान गरी बनाउने भएको सभापति थापाले बताउनु भयो।



## सामुदायिक विद्यालयहरूमा पठनपाठन बन्द गरेको बिषयमा महानगरपालिकाको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

सामुदायिक विद्यालयहरूमा नियमित पठनपाठन बन्द गरेको बिषयमा पोखरा महानगरपालिकाले ध्यानाकर्षण गराएको छ।

नेपाल सरकारद्वारा हालै संघीय संसदमा दर्ता गरेको संङ्घीय शिक्षा ऐन २०८० प्रति असहमति जनाउँदै शिक्षकहरूद्वारा घोषित आन्दोलनका कारण देशभरका सामुदायिक विद्यालयहरूमा नियमित पठनपाठन बन्द भएको प्रति पोखरा महानगरपालिकाले गम्भीर ध्यानाकर्षण गराएको हो । शिक्षकहरूले आफ्नो हकहित र वृत्ति विकास लगायतका सवालमा राख्नुभएको कतिपय मागहरूप्रति स्थानीय सरकारका नाताले पोखरा महानगरपालिका संवेदनशील रहेको पोखराका मेयर धनराज आचार्यले हस्ताक्षेर गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । विद्यालयहरूको नियमित पठनपाठन तथा सिका इका क्रियाकलापहरू समेत अवरुद्ध हुनेगरि आन्दोलनका कार्यक्रमहरू अगाडी बढाउँदा बिद्यार्थीहरुको निर्बाध शिक्षा हासिल गर्न पाउने नैसर्गिक अधिकारको हनन हुन पुगेको उहाँको भनाई छ।

विद्यालय क्षेत्र शान्ति क्षेत्र भएकाले यसको मर्म, भावना, मूल्य र मान्यतालाई आत्मसाथ गर्दै बिद्यार्थीहरुलाई विना अवरोध पढ्न पाउने अधिकारबाट बञ्चित नगर्न तथा विद्यालयहरूमा नियमित पठनपाठन गराउँदै शिक्षण सिकाइका क्रियाकलापहरू पुर्ववत् रूपमा नियमित सञ्चालन गर्न सरोकारवाला सवैमा महानगरपालिकाले निर्देशन समेत गरेको छ।

# पोखरा क्षेत्रमा तीन सय ८७ गिद्ध भेटिए

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

पोखरा पक्षी समाजले हालै गरेको गिद्ध गणनामा पोखरा र आसपासका क्षेत्रमा तीन सय ८७ गिद्ध भेटिएका छन् । समाजले १० वर्षदेखि प्रत्येक वर्ष पोखरा र आसपासका क्षेत्रमा पाइने गिद्धको गणना गर्दै आएको छ ।

यस वर्षको गणना सम्पन्न भएको जनाउँदै तीन सय ८७ गिद्ध भेटिएका समाजका अध्यक्ष मनशान्त घिमिरेले रासससलाई जानकारी दिनुभयो । उहाँका अनुसार समाजले यस वर्ष पोखरा आसपासका घाचोक, पुम्दीभुम्दी, पुरानो एवं नयाँ ल्यान्डफिलसाइट र दोभिल्लाका साथै तनहुँका व्यास नगरपालिका-१० स्थित शिशुवाभतेरी, शुक्लागण्डकी नगरपालिकास्थित गौ संरक्षण केन्द्र र दमौलीस्थित ल्याण्डफिल साइडमा गिद्धको गणना गरेको थियो । पछिल्ला समयमा बासस्थानका कारण बर्सेनि गिद्धहरू सङ्कटमा पर्दै गएको घिमिरेले बताउनुभयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै पोखरा महानगरपालिका-१५ छिनेडाँडास्थितफोहरविसर्जनस्थल पोखरा-३२ लामेआहालमा सारिएको छ । गिद्धको बासस्थान विशेषतः अग्लो सिमलको रूख भए पनि पोखरा आसपासका क्षेत्रमा बस्तीको विकाससँगै यहाँ रहेका सिमलका रूख काटिने क्रमसँगै उनीहरूको बासस्थान सङ्कटमा परेको यस क्षेत्रका अनुसन्धाता बताउँछन् । पोखरा उपात्यकाका चाउथे, मझेरीपाटन, बिरुवा, गैरीखेतलगायत स्थानमा करिब १५/१६ वर्षअघिसम्म ठूलै सङ्ख्यामा गिद्ध पाइने भए पनि अहिले ती ठाउँमा लोप भइसकेका घिमिरेको भनाइ थियो । उहाँका अनुसार सिमलका रुख काटिनुका साथै बढ्दो बस्ती र यातायातका साधन एवं उद्योगबाट निस्कने धुलो धुवाँका कारण गिद्ध सङ्कटमा परेका हुन् । नेपालमा गरिएका विभिन्न अध्ययनले विगत दुई दशकमा गिद्धको सङ्ख्या घट्दै गएको छ । बासस्थान सङ्कटमा पर्नुका साथै गाईबस्तुलाई प्रयोग गरिने डाइक्लोफेनेकजस्ता औषधिको प्रयोगका कारण पनि गिद्ध सङ्कटापन्न अवस्थामा पुगेको अनुसन्धाताहरू बताउँछन् । "औषधि व्यवस्था विभागले डाइक्लोफेनेकलाई विसं २०६३ साल जेठ २३ देखि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध लगाई त्यसको विकल्पमा गिद्धलगायत अरू पक्षी र वन्यजन्तुलाई असर नगर्ने प्रमाणित भएको मेलोक्सिक्याम औषधि बजारमा ल्याएको छ", उहाँले भन्नुभयो । घिमिरेका अनुसार विश्वमा पाइने २३ प्रजातिका गिद्धमध्ये दक्षिण एशियामा नौ प्रजातिका गिद्ध पाइन्छन् । दक्षिण एशियामा पाइने नौ प्रजाति नेपालमा पनि पाइने र ती सबै प्रजाति पोखरामा पाइने उहाँले जानकारी दिनुभयो ।

पोखरा आसपासमा गरिएको गणनामा सेतो गिद्धको सङ्ख्या सबैभन्दा बढी देखिएको र राज गिद्ध एउटा मात्र फेला परेको घिमिरेले बताउनुभयो ।

# डागर स्मृति प्रतिष्ठानमा दुई प्रतिभा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



डागर स्मृति प्रतिष्ठान नेपालले आठौं वार्षिक साधारण सभाको अवसर पारेर युवा वैज्ञानिक र अग्रज समाजसेवीलाई एकैसाथ पुरस्कृत एवम् सम्मानित गरेको छ ।

प्रतिष्ठानले हरेक वर्ष ऋषि पञ्चमीका दिन अर्पण गर्दै आएको १० हजार पाँचसय राशिको डागर स्मृति पुरस्कारबाट युवा वैज्ञानिक मनिषा द्वालाई पुरस्कृत गरेको हो । यस्तै, प्रतिष्ठानको विधान दफा १० उपदफा ५ बमोजिम मौलिक संस्कार संस्कृतिको संरक्षण गर्दै प्रतिष्ठानलाई उल्लेख्य योगदान दिएका प्रतिभालाई अर्पण गर्न सकिने डागर स्मृति संरक्षक सम्मान अग्रज समाजसेवी तथा सफल व्यवसायी प्रेमचन्द उपाध्यायलाई अर्पण गरेको छ ।

कास्कीको भद्रकालीमा जन्मेर सन् २०१३ देखि विज्ञान प्रविधिका क्षेत्रमा अनुसन्धानरत मनिषा नेपाल एस्ट्रोनोमिकल सोसाइटी नासोकी उपप्रबन्धक हुन् । उनी नासोद्वारा सञ्चालित महिला विज्ञान पुरस्कारकी संस्थापक र परियोजना संयोजकसमेत रहेकी छन् । समाजसेवी उपाध्याय पोखराको ब्राण्ड बनेको न्यू मारवाडी सेवा भोजनालयका संस्थापक हुन् । दुई प्रतिभालाई गण्डकी मेडिकल कलेजका मेडिकल सुपरिटेण्डेन्ट प्रा.डा. टुमाया घले, वरिष्ठ साहित्यकार सरुभक्त, पुरस्कार संस्थापक रमा पराशर र संस्थापक अध्यक्ष हिरादेवी बास्तोलाले संयुक्त रूपमा पुरस्कार तथा सम्मान अर्पण गरे । कार्यक्रमका प्रमुख अतिथि प्रा.डा. टुमाया घलेले एउटी नारीको साहसले अर्की नारी पुरस्कृत हुनु गौरवको कुरा भएको बताइन् । उनले प्रतिष्ठान सामाजिक सेवामूलक गतिविधिमा क्रियाशील रहेकाले प्रतिष्ठानले कुनै स्वास्थ्यसम्बन्धी गतिविधि सञ्चालन गरेमा गण्डकी मेडिकल कलेजकातर्फबाट निःशुल्क सेवा उपलब्ध गराउने प्रतिबद्धता जनाइन् । वरिष्ठ साहित्यकार सरुभक्तले सत्यको अन्वेषणमा लागेकी खगोल विज्ञानकी प्रतिभाको योगदानलाई पुरस्कृत गरेर प्रतिष्ठानले सराहनीय कार्य गरेको बताए । साथै, उनले प्रतिष्ठानकी संस्थापक रमा पराशरलाई पोखरेली साहित्यमा हिन्दी साहित्य प्रवेश गराउने पोखरेली चेलीका रूपमा पनि चिनाए । पूर्व सम्मानित स्रष्टा भीम रानाभाटलगायतले पुरस्कारबाट समाजसेवी विश्वमोहन गौचन, हरिश्चन्द्र शर्मा, सोनाम साङ्पो, रामबहादुर पौडेल, गोविन्दराज पहारी, साहित्यकार आरएम डंगोल, सुमल गुरुङ, मानव सेवा आश्रम, हिमाली सांस्कृतिक परिवार, स्वास्थ्यसेवी डा. तुलिका दुवे, राष्ट्रसेवक चन्द्रा गुरुङ पुरस्कृत भइसकेको अवस्थामा आफूलाई प्राप्त पुरस्कारको प्रेरणाले लेखनका हरेक पल प्रतिष्ठानको स्मरण हुँदै आएको धारणा राखे । कार्यक्रममा लायन्स क्लब अफ इन्टरनेशनल ३२५ जेका पूर्व गभर्नर योगेन्द्र प्रधान, लायन्स क्लब अफ पोखरा समर्पणकी अध्यक्ष शर्मिला श्रेष्ठ, कलम साकोसका अध्यक्ष अर्जुन पोखरेल, पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्की अध्यक्ष कविन्द्र पोखरेलले डागर र रमा पराशरको जीवनकथा तथा व्यक्तित्व माथि प्रकाश पार्दै पराशर परिवारको सत् कर्म नै आफ्नो संगतमा रहेका सम्पूर्ण पोखरेलीका लागि प्रेरणाको स्रोत बनेको भन्दै प्रशंसा गरे ।

रमा पराशरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यक्रममा प्रतिष्ठानका परिकल्पनाकार दीपेन्द्र श्रेष्ठले संस्था तथा स्रष्टा परिचय राखेका थिए । सोही समारोह बीच प्रतिष्ठानका सह-सचिव फडिन्द्र अकिञ्चन गोरखापत्र दैनिकको संवाददाता नियुक्त भएकोमा बधाई ज्ञापन गर्दै पत्रकारिता क्षेत्रमा थप सफलताको शुभेच्छासमेत व्यक्त गरिएको थियो । सचिव असफल गौतमले आर्थिक तथा सांगठानिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा कोषाध्यक्ष पुष्पकुमारी आचार्यको स्वागत मन्तव्य रहेको थियो ।

# गण्डकीका चौध पालिकामा खेल मैदान निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

'एक स्थानीय तह, एक खेल मैदान' कार्यक्रमअन्तर्गत गत आवमा गण्डकी प्रदेशका १४ पालिकामा खेल मैदान निर्माण गरिएको छ ।

प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका अनुसार कास्कीको अन्नपूर्ण, स्याङ्जाको बिरुवा, गोरखाको भीमसेन थापा, तनहुँको म्याग्दे, नवलपुरको हुप्सेकोट, पर्वतको पैंयू गाउँपालिका, बागलङ्को गलकोट, म्याग्दीको बेनी नगरपालिकालगायत स्थानीय तहमा खेल मैदान निर्माण गरिएको हो । एउटा खेल मैदानका लागि रु पाँच लाख २५ हजारदेखि बढीमा रु १२ लाखसम्मको बजेट उपलब्ध गराइएको मन्त्रालयका सूचना अधिकारी श्रीप्रसाद अधिकारीले बताउनुभयो । "चालु आवमा पनि खेल मैदान निर्माणका लागि रु चार करोड बजेट छ", उहाँले भन्नुभयो, "मन्त्रालयले मापदण्ड बनाएर नयाँ प्रस्ताव आह्वान गर्छ ।" गत आवमा ' एक स्थानीय तह एक खेल मैदान' कार्यक्रमका लागि रु एक करोड १५ लाख विनियोजन गरिएको थियो । प्रदेशका ८५ वटै स्थानीय तहमा खेल मैदान बनाउने प्रदेश सरकारको लक्ष्य छ । गण्डकीमा आव २०७५/०७६ देखि नै यो कार्यक्रम सुरु भएको थियो ।

खेल मैदानसहित गत आवमा ठूलासाना गरी एक सय ३७ वटा खेल पूर्वाधारका योजना सम्पन्न गरिएको मन्त्रालयले जनाएको छ । तिनमा रु पाँच लाखदेखि रु १५ लाखसम्मको बजेट खर्च भएको हो । कतै खेल पूर्वाधारको निर्माण त कहीं स्तरोन्नति गरिएको उहाँले जानकारी दिनुभयो । सङ्घ सरकारबाट आएको शसर्त बजेटका १५ वटा खेल पूर्वाधारका योजना पनि गत आवमा सम्पन्न गरिएको सूचना अधिकारी अधिकारीले उल्लेख गर्नुभयो । मन्त्रालयले पूर्वाधारतर्फ खेल मैदान, कभर्डहल, व्यायामशाला आदि निर्माण गर्नाका साथै स्तरोन्नतिका योजना सञ्चालन गर्दै आएको छ । खेल मैदानको निर्माण एवं स्तरोन्नतिसम्बन्धी मापदण्ड नै बनाएर कार्यक्रम कार्यान्वयन गरिँदै आइएको हो । हिमालपारिको जिल्ला मुस्ताङमा अन्तर्राष्ट्रियस्तरको उच्च उचाइ खेलमैदान निर्माणका लागि जग्गाको नापजाँचसहित विस्तृत डिजाइनको काम पूरा भएको मन्त्रालयले जनाएको छ । जग्गाको टुङ्गो लागेपछि आयोजनाको ' डिपीआर' बनाइने भएको छ ।

आव २०७५/०७६ मै प्रदेश सरकारले मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-२ छेङ्गुरमा 'हाइअल्टिच्युड' पर्वतीय खेलकुद तालिम केन्द्र बनाउने घोषणा गरे पनि जग्गा व्यवस्थापन नहुँदा काम भएको छैन ।

# पत्रकार पौडेललाई यातायात पत्रकारीता पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



कान्तिपुर टेलिभिजनकर्मी ऋषिकान्त पौडेल 'यातायात व्यावसायिक पत्रकारिता पुरस्कार -२०८०' बाट सम्मानित भएका छन् ।

नेपाल पत्रकार महासंघ कास्कीको सहकार्यमा पोखरा यातायात प्रा.लि.ले हरेक वर्ष प्रदान गर्दै आएको पुरस्कारबाट पौडेल सम्मानित भएका हुन् । प्रा.लि.को पाँचौ वार्षिक साधारण सभाको अवसर पारेर आज पोखरामा आयोजित कार्यक्रममा पौडेललाई पुरस्कृत गरीएको हो । विगत १७ वर्षदेखि पत्रकारीता पेशामा क्रियाशिल पौडेललाई नगद २५ हजार रुपैया, सम्मान पत्रसहित दोसल्ला ओढाएर सम्मान गरीएको थियो । सडक यातायातसँग सम्बन्धित सुचना एवम् सचेतनामूलक समाचारको माध्यमबाट आमजनता र सरोकारवालालाई सु-सुचित गराउन उल्लेख्य योगदान पुऱ्याएकोमा महासंघ तथा प्रालिले पौडेललाई पुरस्कृत गरेको जनाईएको छ । पौडेलले यसअघि गोल्डेन आई टेलिभिजन, एभिन्यूज टेलिभिजन, पोखरा हटलाईन राष्ट्रिय दैनिक, पोखरा टेलिभिजन, गन्थन डटकम लगायतका संञ्चारमाध्यममा आवद्ध भई समाचार संकलन तथा सम्पादनको कार्य गरीसकेका छन् । यसैगरी पोखराका पहिलो पत्रकार स्वर्गिय जगन्नाथ सिग्देलको स्मृतीमा नेपाल पत्रकार महासंघ कास्कीद्वारा सञ्चालित हिमदुत पत्रकारीता पुरस्कारबाट पनि पुरस्कृत पौडेल विभिन्न सामाजिक संघ-संस्थाबाट समेत सम्मानित भईसकेका छन् ।

प्रा.लिले हरेक वर्ष प्रदान गर्ने उक्त पुरस्कारबाट यसअघि पत्रकारहरु दिपेन्द्र श्रेष्ठ, गोविन्द सुवेदी, सन्तोष अधिकारी, अर्जुन गिरी, रञ्जन अधिकारी, यदुनाथ बञ्जरा, कमल पौडेल अथक लगायत सम्मानित भैसकेका छन् ।

## मुस्ताङ..

राम्रोसंग रस नपस्ने गरेको जसले गर्दा गुणस्तरमा ह्रास आएकोले यसको गुणस्तर कायम गर्न पनि सो निर्णय प्रायः सबैले मान्य गरेको प्रमुख गुरुङले उल्लेख गर्नु भयो । यसवर्ष मुस्ताङ जिल्लामा उत्पादन हुने स्याउको गुणस्तरलाई कायम गर्न भदौं अघि स्याउ टिप्न जिल्लाका ५ वटै स्थानीय तहका किसानलाई अनुरोध गरिएको उहाँले बताउनु भयो । समितिले गत साउन १९ गते बसेको बैठले उक्त निर्णय गरेको थियो ।


मुस्ताङमा गोल्डेन डेलिसियस, रेडडेलिसियस, रिचारेड डेलिसियस, रोलय डेलिसियस लगायतका जातको स्याउ खेति हुदै आएको छ भने २ हजार ५ सय भन्दा माथिको उचाईमा उत्पादन भएको मुस्ताङको स्याउ अन्य भन्दा केही गुणस्तरको हुने गरेको स्थानियले बताउनु हुन्छ । मुस्ताङमा उत्पादन हुने स्याउको गुणस्तर असोजको दोश्रो साताबाट मात्र हुने हुँदा समितिले गरेको उक्त निर्णय उपयुक्त भएको स्थानिय एक किसान शान्तिमाया तामाङ्ले बताउनु भयो । यस पाली आफुले डेढ लाखको स्याउ बिक्रि गर्ने लक्ष्य राखेको बताउदै उहाँले असोजको १५ गते पछि मात्र स्याउ टिप्ने योजना भएको सुनाउनु भयो ।

## गणतन्त्र...

म्याग्दीका पर्यटकीय र धार्मिक स्थलहरु लभ्लीहिल, गलेश्वरधाम, सिङ्गा तातोपानीलगायतका क्षेत्रमा भ्रमण गराउने कार्यक्रम छ । सम्मेलन स्थल बेनीको खुल्ला मञ्च परिसरमा म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) अष्ट्रेलियासँगको सहकार्यमा नदेखिएको म्याग्दी शीर्षकको तस्बिर प्रदर्शनी गरिएको छ ।

.म्याग्दीको मौलिक कला र संस्कृति सहितको मनोरञ्जन दिन उद्घाटन हुने दिनको साँझमा ' म्याग्दी नाइट' साँस्कृतिक प्रस्तुति आयोजना गरिएको छ


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# वार्ताबाटै शिक्षकका माग संबोधन गर

आन्दोलनरत सामुदायिक बिधालय शिक्षक र सरकार बीचको वार्ता शुक्रबार बस्ने भएको छ । सामुदायिक विद्यालय बन्द गरेर काठमाडौंमा शक्ति प्रदर्शन गरेका शिक्षकहरुसंग वार्ताको माध्यमबाट माग संबोधन गर्न राजनीतिक दलको दबाब परेको छ । प्रमुख प्रतिपक्षी नेकपा एमालेले शिक्षकका माग संबोधन गर्न सरकारलाई ज्ञापनपत्र बुझाएको छ । एमाले संसदीय दलका सचेतक महेश वर्तौला सहितको सांसदहरूको टोलीले शिक्षा मन्त्री अशोक राईलाई माग संशोधन गर्न माग गरेको छ । कांग्रेस केन्द्रीय समिति बैठकमा शिक्षकमा मागको विषय उठेको छ । वार्ताको नेतृत्व सरकारका तर्फबाट शिक्षा सचिव सुरेश अधिकारीले गरेका छन । महासंघ तर्फबाट भने अध्यक्ष कमला तुलाधर, महासचिव लक्ष्मीकिशोर सुवेदीले वार्तामा नेतृत्व गर्नेछन् ।

अनौपचारिक वार्ता भएको छ। आजै शिक्षा मन्त्रालयले औपचारिक वार्ताका लागि पत्राचार गरेपछि शुक्रबार फेरि वार्ता हुन्छ,'स्सदवार्तामा सहभागी गृह मन्त्रालय स्रोतले भन्यो,' त्यो वार्ता समितिको निष्कर्ष मन्त्रीहरु सम्मिलित उच्चस्तरीय सरकारी टोलीमा पेस गरेर अन्तिम रुप दिइनेछ ।' सरकारी वार्ता टोलीमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री प्रकाशरण महत, कानुनमन्त्री धनराज गुरुङ, शिक्षामन्त्री अशोक राई, सञ्चारमन्त्री रेखा शर्मा र सम्बन्धित मन्त्रालयका सचिवहरु छन् । यस्तै महासंघको तर्फबाट अध्यक्ष कमला तुलाधर, महासचिव लक्ष्मीकिशोर सुवेदी, आन्दोलन परिचालन समितिकी संयोजक नानुमाया पराजुली, नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक संगठन र एकीकृत अखिल नेपाल शिक्षक संगठनका प्रतिनिधि छन् । विधेयकमा असन्तुष्टि जनाउँदै बुधबारदेखि देशभरका शिक्षकहरु काठमाडौंकेन्द्रित सडक आन्दोलनमा छन् । त्यसको कारण बिहीबार देशभरका २७ हजार सार्वजनिक विद्यालयको पठनपाठन ठप्प भएको छ । बिहीबार बिहान पनि आन्दोलरत पक्ष र गृहमन्त्री श्रेष्ठबीच छलफल भएको थियो ।

शिक्षकहरु सहमति नभएसम्म आन्दोलन छाडेर कक्षाकोठामा फर्किन तयार छैनन् । स्थानीय सरकारहरुले भने पठनपाठन सञ्चालन नगरे कारबाही गर्ने चेतावनी दिन थालेका छन् । पठनपाठनमा अवरोध गरे कानुन अनुसार कारबाही गर्ने चेतावनी दिएको काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले बिहीबार अनुगमन टोली नै खटाएर अनुपस्थित शिक्षकहरुको लगत संकलन गरेका छन् । स्थानीय सरकारले पनि शिक्षकको जायज मागमा समर्थन रहेपनि विद्यालय बन्द नगर्न आग्रह गरेका छन् । आन्दोलनरत शिक्षकहरुले कारबाही गरेर देखाउन स्थानीय सरकारहरुलाई चुनौती दिएका छन् र माग पूरा नभएसम्म नफर्किने अडान लिएका छन् । विद्यालय शिक्षा विधेयकको विरोधमा आन्दोलनरत शिक्षकहरुको छाता संगठन नेपाल शिक्षक महासंघले १७ बुँदे माग अघि सारेको छ । कतिपय माग पेशागत हकहितका छन्, जसलाई सम्बोधन गर्न सरकार पनि सकारात्मक छ । मुख्य विवाद चाहिं स्थानीय सरकारलाई दिइएको अधिकारसँग जोडिएको छ । संसदमा दर्ता भएको विधेयकमा शिक्षकहरुको सरुवा, बढुवा, कार्यसम्पादन मूल्यांकन कारबाहीको अधिकार स्थानीय तहमा हुने उल्लेख गरिएको छ । शिक्षा विधेयकको दफा ४८ मा भनिएको छ, 'आयोगबाट शिक्षक सेवाको पदमा सिफारिस भई आएका व्यक्तिलाई गाउँ वा नगर कार्यपालिकाले नियुक्त गर्नुपर्नेछ ।'

स्थानीय तहले मातहतका सार्वजनिक विद्यालयका शिक्षकहरुको सरुवा गर्न सक्नेछ । साथै एक स्थानीय तहबाट अर्कोमा सरुवा गर्न चाहेमा सहमति लिनुपर्छ । विधेयकले शिक्षकहरुलाई कारबाही गर्ने अधिकार समेत स्थानीय तहलाई नै दिएको छ । स्थानीय जनप्रतिनिधिहरुले दिउँसो शिक्षकहरुले राजनीति गर्न हुँदैन भनेर भाषण गर्दै हिंड्ने, राति चाहिं मेरो पार्टीको सदस्यता लिन्छौ कि लिन्नौ भनेर धम्क्याउने अवस्था आउने शिक्षकहरुको तर्क छ । विधेयकको दफा ८४ अनुसार पदीय मर्यादा अनुकूल कार्य नगरेमा, परीक्षा र पठनपाठन सम्बन्धी काममा लापरवाही वा ढिलासस्ती गरेमा, विद्यार्थीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले चेतावनी दिनसक्नेछ । उचित र पर्याप्त कारण भएमा आयोगसँग परामर्श लिएर ५ वर्षसम्म तलब वृद्धि वा बढुवा रोक्का गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको छ । विद्यालय शिक्षा विधेयकको यही व्यवस्थामा आन्दोलनरत शिक्षकहरुको चर्को विरोध छ ।'शिक्षकको नियुक्ति, अनुगमन तथा कार्यसम्पादन मूल्यांकन, विभागीय कारबाही सबै स्थानीय तहलाई दिइएको छ । पञ्चायतकालमा पनि सबै अधिकार एउटै निकायमा थिएन ।'

शिक्षा ऐन २०२८ मा शिक्षकहरुको नियुक्ति तथा सरुवा जिल्ला शिक्षा कार्यालयले गर्थ्यो भने बढुवा तथा विभागीय कारबाही क्षेत्रीय शिक्षा निर्देशनालय/शिक्षा विभागले गर्ने व्यवस्था गरिएको थियो । नयाँ संविधान अनुसार २०७४ मा भएको चुनावबाट ७५३ स्थानीय तहमा जनप्रतिनिधिहरु आए । संविधानले माध्यमिक तहसम्मका शिक्षाको जिम्मा स्थानीय तहलाई दिएका कारण जनप्रतिनिधिहरुले विद्यालयहरुको अनुगमन गर्न थाले, सरुवामा चासो देखाए । 'मेयरलाई नमस्कार नगरेकै कारण शिक्षकहरुको मनलाग्दी सरुवा भएको छ ।' दुई स्थानीय तहको प्रमुख मिलेर दुःख दिनकै लागि अपायकमा सरुवा गरेको उनीहरुको गुनासो छ । 'नियुक्ति, अनुगमन र कारबाहीको अधिकार एउटै निकायलाई दिनु सन्तुलनको नियमअनुसार पनि भएन'। 'नियुक्ति र अनुगमन स्थानीय तहले गरोस्, कारबाहीको अधिकार चाहिं प्रदेशलाई दिएर जान सकिन्छ ।दुवैले लचिलो बनेर निकास खोज्नुपर्छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बड्ने |
| ककर्ट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गुरुङ गित 'ङोल्स्यो निच्यों' विमोचनको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

गुरुङ भाषाको गित 'ङोल्स्यो निच्यों' को म्युजिक भिडियो तयार भएको छ । हङकङको विभिन्न शहरमा छायांकन भएको गितको निर्माण पुरा भई विमोचन अन्तिम चरणमा पुगेको छ ।

गायक केशबहादुर गुरुङ र गायिका उषा गुरुङको स्वरमा रहेको गितको म्युजिक भिडियो सेप्टेम्बर २४ मा विमोचन गरिने गितका मोडल अमृत गुरुङले जानकारी दिए । भिडियोमा मोडल अमृत गुरुङसँगै नियोना गुरुङले अभियन गरेकी छिन् । मोडल अमृत र नियोना लामो समयदेखि हङकङ बस्दै आएका छन् । यो भिडियो हङकङको योङलोङ, सिङमुन, क्लियर वाटर वे जस्ता रमणीय ठाउँहरुमा छायांकन गरिएको मोडल गुरुङले जानकारी दिए । अनिल गुरुङले खिचेको भिडियोको मनोज गुरुङले निर्देशन र टेकमान गुरुङले सम्पादन गरेका हुन् । मेकअपमा सुशिला गरुङले साथ दिएकी छिन् । भिडियो हङकङमै विमोचन गरी एच के दर्पण युट्युब च्यानलबाट सार्वजनिक गरिने उनले जानकारी दिए । खुसी गुरुङको रचना रहेको गितमा केशबहादुर गुरुङको संगित र धनबहादुर गुरुङको एरेन्ज रहेको छ ।

अधिकांस गुरुङ भाषाको गित नेपालकै गुरुङ गाउँहरुमा छायाँकन गरिएपनि देश बाहिर छायाँकन गरी नयाँ प्रयास थालिएको मोडल गुरुङले बताए । विदेशमा सुटिङ भएता पनि गुरुङ सँस्कृतिलाई जगेर्ना गरी निर्माण गरिएको उनको भनाई छ ।

# 'अल्जाइमरको समस्या न्यूनीकरणका लागि सहकार्य आवश्यक'

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

अल्जाइमरको समस्या न्यूनीकरणका लागि सम्बद्ध सबैको सहकार्य गर्नुपर्नेमा जोड दिइएको छ । विश्व अल्जाइमर दिवसका अवसरमा ज्येष्ठ नागरिक संघ गण्डकीले बिहीबार आयोजना गरेको सचेतना कार्यक्रमका वक्ताले सम्बद्ध सबै पक्षको सहकार्यबाट यस रोगको न्यूनीकरणमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

डा विकास गौचनले यो अल्जाइमर (बिर्सने रोग)को तथ्याङ्क नेपालमा विश्वसनीय नरहे बताउनुभयो । सम्बद्ध सबैको सहकार्यमा यसको न्यूनीकरण गर्न सकिनेमा जोड दिँदै उहाँले अल्जाइमर रोगको परिचय, बढ्न नदिने उपाय र लागि सकेपछि गरिने उपचार एवं स्याहारसुसार सम्बन्धमा प्रशिक्षण दिनुभयो ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ केन्द्रीय समितिका कावा महासचिव तथा प्रेस स्वतन्त्रता सेनानी कुसुमकेशव पराजुलीले अल्जाइमर रोगको न्यूनीकरण तथा उपचारका लागि सरकार र समुदाय मिलेर काम गर्नुपर्ने बताउनुभयो । सङ्घीय सरकारसँग ज्येष्ठ नागरिक महासङ्घले मिलेर काम गरिरहेको बताउँदै उहाँले प्रदेश र स्थानीय तहमा पनि मिलेर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । संविधानसभा सदस्य कृष्णबहादुर गुरुङले ज्येष्ठ नागरिक भएर पनि अहिलेसम्म उत्पादनमा जोडिएको बताउँदै आफ्नो बाँकी समय ज्येष्ठ नागरिकका क्षेत्रमा लगाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ गण्डकीका अध्यक्ष गुमानसिंह कार्कीले अल्जाइमर दिवसको महत्वबारे प्रकाश पार्दै सबैको सहकार्यमा यसको न्यूनीकरण गर्न सकिने धारणा राख्नुभयो ।

# भारतद्वारा बंगलादेश पराजित

**रासस**
काठमाडौं, ४ असोज

राजधानीमा बिहीबारदेखि सुरु भएको साफ यू-१९ च्याम्पियनसीप फुटबल प्रतियोगितामा भारतले बङ्गलादेशलाई पराजित गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा भारतले बङ्गलादेशलाई ३-० को गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । भारतको जितमा गुग्मसार गोयारी, नाओबा पङ्गमबम र अर्जुनसिंह ओइनामले समान एक-एक गोल गरे । भारतले खेलको पहिलो मिनेटमै अग्रता लिएको थियो । भारतका लागि गुग्मसार गोयारीले गोल गरे । त्यस्तै भारतले खेलको पहिलो हाफको अन्तिम समयमा अर्को गोल थप्यो । नाओबा पङ्गमबमले बङ्गलादेशी डिफेन्डरको खुट्टाबाट बल खोसेर सुन्दर फिनिस गर्दै गोल गरेका हुन् । यसैगरी भारतले खेलको अन्त्यतिर अर्को गोल थप्दै जित सुनिश्चत गर्यो । कप्तान इशान शिशोदियाको पासमा अर्जुनसिंह ओइनामले खेलको ९०औं मिनेटमा तेस्रो गोल गरे । यस जितसँगै समूह 'बी'मा रहेको भारतले तीन अङ्क जोडेको छ । समूह 'बी'मा भारत, बङ्गलादेश र भुटान रहेका छन् । त्यस्तै समूह 'ए' मा नेपाल, पाकिस्तान र माल्दिभ्स रहेका छन् ।

# नेपाल पाकिस्तानसँग पराजित

**रासस**
काठमाडौं, ४ असोज

दक्षिण एसियाली फुटबल महासंघ (साफ) यू-१९ च्याम्पियनसीपअन्तर्गत बिहीबारभएको खेलमा घरेलु टोली नेपाल पाकिस्तानसँग पराजित भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न खेलमा पाकिस्तानले नेपाललाई १-० गोलअन्तरले पराजित गरेको हो । पाकिस्तानको जितमा अली जफरले गोल गरे । उनले खेलको ७६औं मिनेटमा गरेको एक गोल नै पाकिस्तानको लागि निर्णायक गोल सावित भयो । जफरले करिब ३० यार्डबाट गरेको प्रहारले सिधै जाली चुमेको थियो । खेल अवधिभर नेपालको प्रदर्शन भने फिलतो रहेको थियो । अब पाकिस्तानले शनिबार माल्दिभ्ससँग खेल्नेछ । त्यस्तै नेपालले भने सोमबार माल्दिभ्सको सामना गर्नेछ । प्रतियोगितामा नेपाल समूह 'ए'मा रहेको छ । नेपालको समूहमा पाकिस्तान र माल्दिभ्स रहेको छ । त्यस्तै समूह 'बी'मा भारत, बङ्गलादेश र भुटान रहेको छ । दुवै समूहका शीर्ष दुई टोलीले सेमिफाइनल खेल्नेछन् ।

# भ्रष्टाचारबिरुद्ध डि-मर्चाले ल्यायो 'भ्रष्टाचारीलाई किरा परोस्' गीत

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



पोखराको चर्चित डि-मर्चा व्याण्डले भ्रष्टाचार विरोधी गीत बजारमा ल्याएको छ । डि-मर्चाले 'भ्रष्टाचारीलाई किरा परोस्' बोलको गीत ल्याएको हो । हालसालै मात्र रेकर्ड भएको सो गीतको भिडियो डि-मर्चाले बुधबार यूट्यूवमार्फत सार्वजनिक गरेको छ ।

डि-मर्चाको यो गीतको भोकलमा भाष्करध्वज श्रेष्ठ, बेस गिटारमा बिरेन्द्र पुन, लिड गिटारमा रोहित रञ्जित र ड्रममा कुशल गुरुङ रहेका छन् । बिरेन्द्र पुनको परिकल्पनामा भएको गीतको लेखन रोसन भट्टराईले गरेका हुन् ।

गीतको भिडियोको निर्देशन लिड गिटारिष्ट रोहित रञ्जितले गरेका छन् भने गीतमा दाह्री ग्याङका सदस्यहरुको अभिनय रहेको व्याण्डका भोकलिष्ट भाष्करध्वज श्रेष्ठले जानकारी दिए । श्रेष्ठले भ्रष्टाचारले देश थिलथिलो भएकाले त्यसबिरुद्ध जागरुक बनाउन गीतमार्फत सन्देश दिने उद्देश्यले गीत बनाएको बताए । 'भ्रष्टाचार मुक्त समाज बनाउने । भ्रष्टाचार गर्नेलाईपनि अबदेखि भ्रष्टाचार गर्न हुन्न भन्ने बनाउने सन्देश दिनू गीतको मूल उद्देश्य हो'-उनले भने । गीतका परिकल्पनाकार बिरेन्द्र पुनले भ्रष्टाचारले युवा देशमा बस्न सक्ने स्थिति नरहेकाले त्यसबिरुद्ध जनमत बनाउने आफूहरुको उद्देश्य रहेको बताए । शुरुमा हामीले 'जनताको समस्या' गीतमार्फत जनताको समस्याहरु उजागर गर्यौं,उनले भने,'त्यसपछि 'नेताज्यू नमस्कार' गीतमार्फत हामीले समस्या समाधानका लागि सरकार र नेताहरुलाई आग्रह गर्यौं । तर समस्या समाधान हुनुको सट्टा झन् विकराल बन्दै गएकाले ' भ्रष्टाचारीलाई किरा परोस्' भनेर भ्रष्टाचार नगर्न खबरदारी गरेका हौं ।'

# बाढी ग्रस्त कागबेनीमा अस्थायी पुल

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागखोलामा अस्थायी पुल बनेपछि आवागमन सहज भएको छ ।

कागखोलामा आएको बाढीले पुल बगाउँदा समस्या भोग्दै आएका स्थानीयले अस्थायी पुल निर्माण गरेर वारपार गर्न थालेका हुन् ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गतकापाक्लिङ, कागबेनी, तिरी गाउँका स्थानीयले श्रमदान गरेर कालिगण्डकी नदीमा अस्थायी पुल निर्माण गरेका गाउँपालिकाका अध्यक्ष रिङझिङ नाम्गेल गुरुङले जानकारी दिनुभयो । यसले कागबेनी-तिरी गाउँ जोड्ने छ । कालीगण्डकी नदीमा पानीको बहव घटेपछि स्थानीयले अस्थायी पुल निर्माण गरी वारपार गर्न थालेका अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार बाढीले क्षति पुऱ्याएको झण्डै एक महिनापछि कागबेनी-तिरी जोड्ने अस्थायी पुल निर्माण गरिएको हो ।

पुल तीन गाउँका स्थानीयले श्रमदान गरेर निर्माण गरेको भन्दै आवश्यक बजेट पालिकाले व्यवस्थापन गरेको अध्यक्ष गुरुङले बताउनुभयो । कागबेनी-तिरी जोड्ने सडकका लागि कालिगण्डकीमा पक्की पुल निर्माण गर्न आवश्यक रहेको भन्दै उहाँले यसका लागि प्रदेश र केन्द्र सरकारसँग माग गर्ने बताउनुभयो ।

गत साउन २८ गते कागखोलामा आएको बाढीले सिंगो बस्तीसँगै, खानेपानीको मुहान, मोटरेवल पुल, झेलुङ्गे पुल बगाएको थियो ।

# पीडित किसानलाई राहत दिँदै गाउँपालिका

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

अघिल्लो साता तमानखोला गाउँपालिकामा हावाहुरीका कारण सयौं रोपनीमा लगाइएका मकै बाली नष्ट भयो । घोँगा हाल्ने बेलामा मकैका बोट बारीभरी ढलेर सोत्तर भएपछि किसानको श्रम खेर गएको छ ।

लम्पीस्किन रोगको सङ्क्रमणबाट पशुचौपाया धमाधम मरिरहेको अवस्थामा किसानका लागि हावाहुरीले थप पीडा दिएको छ । लम्पी स्किन र हावाहुरीका कारण पशुचौपाया र मकैखेतीमा भएको क्षतिका कारण यहाँका किसानले लाखौंको नोक्सानी बेहोर्नु परेको छ । लम्पी स्किनको सङ्क्रमणको रोकथाम अझै भइसकेको छैन ।

किसानका पीडालाई थोरै भए पनि राहत होस् भन्ने उद्देश्यले गाउँपालिकाले राहत उपलब्ध गराउने निर्णय गरेको छ । हावाहुरीले बिउ पनि नबच्ने गरी मकै बाली नष्ट भएपछि पालिकाको राहत दिने निर्णयबाट किसानले राहतको श्वास फेरेका छन् । हावाहुरीका कारण गाउँपालिका-१ र २ को सेन्नामा, पहिरा, बोङ्गानी, सोम्मरलगायतका गाउँको करिब सात सय रोपनी क्षेत्रफलमा लगाएको मकै पूर्ण रुपमा नष्ट भएको थियो । तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले हावाहुरीले सात सय रोपनी क्षेत्रफलको मकै ढालेपछि किसानले ५० लाखभन्दा बढीको क्षति भएको भन्दै प्रतिघर एक मुरी मकैको बिउ उपलब्ध गराउने निर्णय भएको जानकारी दिनुभयो । अहिलेसम्म कुनै पनि किसानले बाली बीमा नगरेको भन्दै अब कृषक समूह बनाएर पालिकाले बाली बीमा गरिदिने समेत उहाँको भनाइ छ । गाउँपालिकामा लम्पी स्किन रोगको सङ्क्रमणबाट हालसम्म एक सय ५५ पशुचौपाया मरिसकेका छन् । ती पशुचौपायाका पाल्ने किसानलाई प्रतिपशु रु दुई हजार पाँच सय नगद उपलब्ध गराइने उहाँको भनाइ छ । पालिका अन्तर्गतका सबै पशुपालक किसानलाई समूह बनाएर पालिकाले पशु बीमा गरिदिने उहाँले बताउनुभयो । "हावाहुरीले मकै बाली नष्ट गरिदिएपछि धेरै किसान अहिले पीडामा छन्, पालिकाले उहाँहरुको पीडालाई केही कम गर्नका लागि एक/एक मुरी मकै उपलब्ध गराउने भएको छ, क्षतिको सबै विवरण तयार गरेर प्रदेश र केन्द्र सरकारसँग पनि राहतका लागि केही आवश्यक पहल गर्छौं", उहाँले भन्नुभयो ।

उहाँका अनुसार पालिकामा लम्पी स्किनबाट धेरै गाई, गोरु र केही पाडाबाच्छा मरेका छन् । जसका कारण अधिकांश किसानको गोठ रित्तै भएको छ । सङ्क्रमण रोकथामका लागि प्रयासहरु भइ राखेको पनि उहाँको भनाइ छ । स्थानीय किसान तुलबहादुर विश्वकर्माले हावाहुरीका कारण सात मुरी फल्ने बारीमा लगाइएका सबै मकै सखाप भएको बताउनुभयो । साथै उहाँले यसैबीच दुई वटा गोरुसमेत गुमाउनुभएको छ ।

"गोरु पनि मरे, मकै पनि ढले । यस वर्ष ठूलो दशा लागेको रहेछ, सरकारले राहत दिने कुरा त सुने तर एक मुरी मकैले के नै हुन्छ र ?", उहाँले भन्नुभयो, "अर्को वर्षका लागि बिउ राख्न पऱ्यो, अलि धेरै दिने व्यवस्था भएको भए राम्रो हुन्थ्यो ।"

# विन्ध्यवासिनी क्याम्पसले अक्षयकोष दातालाई सम्मान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी क्याम्पसले क्याम्पसको शैक्षिक वृद्धि विकासमा योगदान पुर्याउने व्यक्ति तथा संस्थालाई सम्मान गर्ने भएको छ । क्याम्पसको दशौं साधारण सभाका अवसरमा यही असोज ६ गते शनिवार क्याम्पसको उन्नयन, विकास र अक्षयकोष स्थापनामा सहयोग गर्नेलाई सम्मान गर्न लागिएको क्याम्पस प्रमुख विजय शर्माले जानकारी दिनुभयो। सोही अवसरमा क्याम्पसका आजिवन सदस्यलाई पनि सम्मान गरिने बताइएको छ । गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरूङको प्रमुख आतिथ्यतामा हुने कार्यक्रमको तयारी पुरा गरिएको क्याम्पस संचालक समितिका अध्यक्ष दानबहादुर बानियाँले बताउनुभयो । वि सं २०६६ सालमा स्थापना भएको उक्त क्याम्पसले स्नातक तहमा व्यवस्थापन संकायका कक्षा सञ्चालन गर्दै आइरहेको छ ।

# भलाममा ३० औं माधव स्मृति दिवस

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

पोखरा महानगर पालिका वडा न २० भलाममा सामाजिक अभियन्ता दिवंगत माधव प्रसाद पौडेलको स्मृतिमा स्थापित माधव प्रसाद पौडेल स्मृति प्रतिष्ठानको १५ औं साधारण सभा तथा ३० औं स्मृति दिवस बिहिबार सम्पन्न भएको छ। कार्यक्रमको जि.स.स. कास्की प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो ।

सो अबशरमा प्रमुख पौडेलले माधब पौडेल एक कर्मशिल र इमान्दार शैक्षिक, सामाजिक एबम राजनितीक ब्यक्तित्व भएको स्मरण गर्दै उहाँले पूर्याउनु भएको योगदान चिरकालसम्म स्मरणीय रहने बताउनु भयो। पौडेलले उहाँलाई एक आदर्श शिक्षक, उत्कृष्ट सामाजिक अभियन्ता, आध्यात्मिक चिन्तक, इमान्दार राजनितिक ब्यक्तित्व र कास्कीबाट कम्युनिस्ट आन्दोलनको कुशल अगुवा र गर्व गर्न लायक ब्यक्तिको रूपमा चित्रित गर्नुभयो । सो अबसरमा प्रमुख अतिथी पौडेलले प्रतिष्ठानले प्रदान गर्ने उक्त वडाका विभिन्न बिधालयका बिद्यार्थिहरूलाइ



छात्रवृत्ति समेत हस्तान्तरण गर्नुभएको थियो । प्रतिष्ठानले उत्कृष्ट नतिजा हासिल गर्ने कक्षा ९ र १० मा अध्ययनरत ८ जना बिद्यार्थिहरूलाइ जनही नगद रू पाँच हजार छात्रवृत्ति र प्रमाणपत्र प्रदान गर्दै आइरहेको छ।

यसरी छात्रवृत्ति प्राप्त गर्नेहरूमा महेन्द्र मा.बि. च्यालेचौरका सबिना पौडेल र समीर भुजेल, हिमालय मा.बि. मौजाका रामकुमारी सुनार र प्रकाश गुरुङ ,कालिका मा.वि. काहुका प्रतीक्षा आचार्य र समीर आचार्य ,बिन्ध्यबासिनी मा.बि. बाटुलेचौरका अञ्जली राना र समित पौडेल रहनुभएको छ । कार्यक्रममा रेडक्रस कास्कीका जनस्वास्थ्य बिज्ञ कल्पना ज्ञवाली ,कास्की रेडक्रसका कार्यसमिति सदस्य रमा त्रिपाठी, सो प्रतिष्ठानका बिशिस्ट सदस्यहरू बिष्णु बहादुर खत्री, भिम प्रसाद बास्तोला र कृष्ण प्रसाद पौडेल, बिन्ध्यबासिनी माध्यामिक बिद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य, शिक्षासेबि शंकर गौतम, स्थानीय समाजसेवी चुडामणी गौतम, नेपाली कांग्रेस पोखरा २० का अध्यक्ष कुल प्रसाद अधिकारी, ने क पा एमाले पोखरा २० का अध्यक्ष त्रिलोचन गौतम, लगायतले माधब प्रसाद पौडेलले पुर्याउनु भएको योगदानको चर्चा गर्नुभएको थियो ।

प्रतिष्ठानका अध्यक्ष रामजी प्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष इश्वरी प्रसाद पौडेल र संचालन सचिब हिम बहादुर बस्नेतले गर्नुभएको थियो । प्रतिष्ठानले त्रिदिवसिय रूपमा माधब स्मृति दिवस मनाएको थियो । जस अनुसार बुधबार रक्तदान कार्यक्रम आयोजना गरि ४८ युनिट रगत संकलन गरिएको थियो । त्यसैगरी बुधबार नै अन्तर बिधालय हाजिरी जबाफ प्रतियोगिता सम्पन्न भएको थियो। प्रतियोगितामा प्रथम स्थान कालिका मा. बि. काहु, द्धित्तिय स्थान बिन्ध्यबासिनी मा. बि. बाटुलेचौर र तृतीय स्थान महेन्द्र मा.बि.भलामले प्राप्त गर्न सफल भएका थिए ।

मंगलबार माधब स्मृति भवन परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न भएको सो प्रतिष्ठानले जनाएको छ । तत्कालिन अबस्थामा विभिन्न स्कुलहरूको स्थापना संगै शिक्षण पेशामा आबद्ध माधब पौडेल समाजका विभिन्न क्षेत्रका सुधारक हुनुहुन्थ्यो । बि.स. २००० सालमा कास्कीको साबिक भलाम गाउँ बिकास समितिमा जन्मनुभएका माधब प्रसाद पौडेल बि.स. २०४९ सालमा सोही गा.बि.स.को अध्यक्ष निर्बाचित भएर राजनीतिक र सामाजिक बिकासमा काम गर्दा गर्दै बि. स. २०५० सालमा ५० बर्षको अल्पायुमै निधन हुन पुगेको थियो ।

# राधा-लक्ष्मी स्मृति पुरस्कार शिक्षासेवी चतुरमानलाई

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

राधा-लक्ष्मी स्मृति पुरस्कार शैक्षिक क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका शिक्षासेवी चतुरमान श्रेष्ठलाई अर्पण गरिने भएको छ।

साहित्यिक, शैक्षिक, सामाजिक एवम् आध्यात्मिक व्यक्तित्व लक्ष्मीशरण उपाध्याय र सहधर्मिणी राधा पौडेलको स्मृतिमा परिवारद्वारा स्थापित पुरस्कार हेमजा साहित्य प्रतिष्ठान नेपालद्वारा सञ्चालित छ। उक्त पुरस्कारको राशि ११ हजार १ सय ११ नगदसहित सम्मानपत्र र दोसल्ला रहेको छ । प्रतिष्ठानले



कास्कीको बाटुलेचौरमा जन्मेर २०१७ सालदेखि २०५४ सालसम्म अध्यापन गरी शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै श्रेष्ठलाई पुरस्कृत गर्ने निर्णय गरिएको हो । प्रतिभा छनौट उपसमितिको सिफारिसलाई प्रतिष्ठानको बैठकले सर्वसम्मत पारित गरेको हो । लक्ष्मीशरण उपाध्याय र राधा पौडेलको स्मृतिमा पुत्रद्धय केशवशरण पौडेल र माधवशरण पौडेल परिवारद्धारा स्थापित कोषको व्याजबाट हरेक वर्ष उक्त पुरस्कार अर्पण गरिदै आइएको छ । यसअघि उक्त पुरस्कारबाट छन्दकवि माधव वियोगी पुरस्कृत भइसकेका छन् ।

पुरस्कार असोज ८ गते पोखरामा एक समारोहका बीच अर्पण गरिने प्रतिष्ठानका अध्यक्ष बलराम पौडेलले जानकारी दिए।

# राष्ट्रकवि माधव घिमिरे पुरस्कार वरिष्ठ समालोचक प्रा डा त्रिपाठीलाई

रासस
काठमाडौं, ४ असोज

राष्ट्रकवि माधवप्रसाद घिमिरेको नाममा स्थापित 'माधव घिमिरे पुरस्कार' वरिष्ठ समालोचक प्रा डा वासुदेव त्रिपाठीलाई प्रदान गरिने भएको छ।

नेपाली भाषा, कला, साहित्य, संस्कृति र ज्ञानविज्ञानको उन्नयनका लागि विसं २०५३ मा स्थापना भएको मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले पहिलो पटक माधव घिमिरे पुरस्कार वरिष्ठ समालोचक प्रा डा त्रिपाठीलाई प्रदान गर्न लागेको हो । उक्त पुरस्कारको राशि रु एक लाख र ताम्रपत्र रहेको छ। राष्ट्रकवि माधवप्रसाद घिमिरेकी धर्मपत्नी महाकाली घिमिरे, सुपुत्रद्धय इन्दिवर घिमिरे र राजिव घिमिरेद्वारा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानको कोषमा रहने गरी रु १६ लाखको अक्षयकोष स्थापना गरिएसँगै उक्त अक्षयकोषबाट आउने ब्याजमार्फत हरेक वर्ष पुरस्कार प्रदान गरिने निर्णयअनुसार पहिलो पटक प्रा डा त्रिपाठीलाई पुरस्कार प्रदान गर्न लागिएको हो । तनहुँको भानु नगरपालिका निवासी त्रिपाठीले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा पहिलो पटक विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको हो । विसं २०३४ मा मदन पुरस्कार प्राप्त गर्नुभएका उहाँले लेखनाथ पुरस्कारसमेत पाइसक्नुभएको छ । त्रिपाठीले निम्नमाध्यामिक नेपाली व्याकरण र रचनासमेत लेख्नुभएको छ । उक्त पुरस्कार राष्ट्रकवि माधवप्रसाद घिमिरेको जन्मजयन्तीको अवसर पारेर यही असोज ७ गते प्रदान गर्न लागिएको प्रतिष्ठानका उपाध्यक्ष भाग्यशाली अधिकारीले जानकारी दिनुभयो । अक्षयकोष स्थापना गरेसँगै पुरस्कार छनोटका लागि प्रतिष्ठानले तीन सदस्यीय समिति बनाएको थियो। प्रतिष्ठानका अध्यक्ष एवं वरिष्ठ साहित्यकार विजयराज न्यौपानेको संयोजकत्वमा गठित समितिको सदस्यमा विज्ञका तर्फबाट प्रा डा जयराज आचार्य र दाताका तर्फबाट डा हेमाङ्गराज अधिकारी सदस्य हुनुहुन्छ।

उक्त समितिको सिफारिसमा प्रदान गर्न लागिएको उक्त पुरस्कार शीतल निवासमा आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले प्रदान गर्ने प्रतिष्ठानका सदस्य लक्ष्मण थापाले जानकारी दिनुभयो।

# असफल योजनाको पहिचान गरी पूर्णता दिन्छौँ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
बेनी, ४ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बजेट अभाव र निर्माण कम्पनीको ढिलासुस्तीले अलपत्र भएका योजनाको पहिचान गर्न लागिएको बताउनुभएको छ।

नेपाल प्रेस युनियन म्याग्दीले आज बेनीमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा मुख्यमन्त्री पाण्डेले सङ्घ सरकारमार्फत सञ्चालित योजना र बजेट हस्तान्तरण नहुँदा अस्पताल भवन, सडक पूर्वाधारलगायतका ठूला योजना अलपत्र परेको बताउनुभयो ।

निर्माण व्यवसायिको लापर्वाहीले अलपत्र बनेको बेनी अस्पतालको भवनसँगै सडकलगायतका धेरै योजना अलपत्र बनेको उल्लेख गर्दै उहाँले असफल भएका योजनाको पहिचान गरी पूर्णताः दिन प्रदेश सरकार लागिपरेको बताउनुभयो । बेनी अस्पतालको भवन निर्माण गर्ने ठेक्का लिएको निर्माण कम्पनीलाई निरन्तर ताकेता गरेर काममा फर्काउने र कामलाई तीव्रता नदिए ठेक्का तोड्नुपर्ने दुई वटा मात्रै विकल्प रहेको उहाँको भनाइ थियो । "निर्माण व्यवसायी र सरकारबीचको असहज समझदारीले असफल भएका योजना धेरै छन्, मुख्यगरी निर्माण कम्पनीको ढिलासुस्ती नै योजना अलपत्र पर्नुको मुख्य कारण हुन, हामीले असफल योजनाको पहिचान गर्न प्रदेश नीति तथा योजना आयोगमार्फत आवश्यक प्रक्रियाअघि बढाएका छौँ, प्रदेशसभा सदस्य र मन्त्रीमार्फत समेत निरन्तर अनुगमन भइरहेको छ, असफल योजनालाई छिट्टै निष्कर्षमा पुऱ्याउने गरी हामी अघि बढेका छौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो । सार्वजनिक खरिद ऐनमा रहेको समस्याले पनि विकास निर्माण योजनामा ढिलासुस्ती भएको समस्या हल हुन नसकेको मुख्यमन्त्री पाण्डेको भनाइ थियो । उहाँले गण्डकी प्रदेश सरकारले योजना बैंकको अवधारण अनुसार योजना छनोट र कार्यान्वयन सुरु गरेकोसमेत जानकारी दिनुभयो। यसै वर्षदेखि प्रदेश सरकारले सडक पूर्वाधारमा न्यूनतम रु ३० लाख र खानेपानी र सिँचाइलगायतका योजनामा न्यूनतम रु १० लाख बजेट विनियोजन गर्न थालेको जानकारी दिँदै मुख्यमन्त्री पाण्डेले प्रदेशले सूरु गरेका योजनालाई अलपत्र पर्न नदिन प्रदेश सरकार लागिपरेको धारणा राख्नुभयो ।

म्याग्दीको पश्चिम क्षेत्रको 'लाइफलाइन' मानिएको बेनी-दरबाङ सडकको प्रमुख समस्या बनेको फापरखेतको पहिरोले निम्त्याएको सवारी आवागमनको समस्यालाई हल गर्न पहिरोलाई रोकथाम र बेलिब्रिज निर्माण गर्ने विकल्पमा अघि बढ्ने मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो । गण्डकी प्रदेशसभामा पेश भएको सञ्चार विधेयकमा सरोकारवालासँग आवश्यक छलफल गरेर संशोधनसहित विधेयकको मस्यौदा तयार गरिएको उल्लेख गर्दै उहाँले सञ्चार विधेयकलाई लिएर पत्रकार आन्दोलित बन्नुपर्ने अवस्था नआउने दाबीसमेत गर्नुभयो ।

# बागलुङको सहेला फाँटमा कागतीखेती

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

तीन वर्षअघि लगाइएका कागतीका बिरुवा फल दिन थालेका छन् । चासो कृषक समूहका सदस्य र कर्मचारीलाई कागती टिप्न भ्याइनभ्याइ छ।

बिरुवाको गोडमेल, सिँचाइ र मल दिनका लागि व्यस्त हुने किसान हिजोआज कागती टिप्न तथा बजार पुऱ्याउन व्यस्त छन् । दिन दुई गुना र रात चौगुना गर्दै हुर्किरहेका बिरुवाले फल दिन थालेपछि किसान खुसीले दङ्ग छन् । बागलुङ नगरपालिका-१२ अमलाचौरको सहैंला फाँटमा जग्गा रहेका बागलुङ-१४ अर्माहका ४३ किसानको आशाको बारी हो सहैंलाको फाँट । चासो कृषक समुहमा आबद्ध उनीहरुले आफ्नै मेहनतले फल्ने फलबाट समृद्धिको सपना देखेका छन् । "पहिलो चरणणमा दुई सय किलो कागती टिपेर बिक्री गरियो, अनौठो अनुभव भइरहेको छ", समूहका अध्यक्ष केशवप्रसाद सुवेदीले भन्नुभयो, "पहिलो उत्पादन स्थानीय बजारमै खोसाखोस भयो ।"

सयौँ मुरी धान हरेक वर्ष फल्ने खेतमा किसान कागतीबाट कृषिमा प्रगति खोजिरहेका छन्। रु २० लाख लगानीबाट सुरु भएको कागतीको व्यावसायिक खेतीमा रु एक करोड रुपैयाँ भइसकेको छ । तीन सय रोपनीभन्दा धेरै जमिनमा चार हजार हजार बिरुवा हुर्किरहेका छन् । तीन वर्ष समय खर्चेर लगाइएका बिरुवामध्ये एक तिहाइ बिरुवा फल दिन थालेको सुवेदीले बताउनुभयो । अनुदान र सहयोगका लागि सरकारी निकाय त्यहाँ पुगेका छन् । जिल्लाभित्र र बाहिरबाट किसान तथा प्राविधिकसमेत आउने गरेको समूहका अध्यक्ष सुवेदी बताउनुहुन्छ। सरकारी अनुदानमा आशा नराखी आफैले लगानी गरेर व्यावसायिक खेती थालेका किसानले पछिल्लो पटक सरकारी निकायको साथ पाउन थालेका छन् । रु एक लाख बिरुवाको ढुवानीका लागि अनुदान दिएको नगरपालिकाले रु तीन लाख खर्चेर फार्मसम्म पुग्ने सडक बनाइदिएको छ।

हरेक वर्ष रु चार करोडको कागती उत्पादन गर्ने लक्ष्यका साथ व्यावसायिक खेती थालेका किसानले फल्न थालेको एक वर्षमा नै लगानी उठाएर मुनाफा कमाउने सुवेदीले बताउनुभयो । समूहमा आबद्ध रहेका किसानलाई प्रतिरोपनी रु पाँच हजारका दरले समूहले वार्षिक भाडा दिने गरेको छ । कागती फार्म सञ्चालनमा रहेको जग्गाका धनीहरुलाई नै समूहको सदस्य बनाइएको छ । समूहमा सबै सदस्यले समान लगानी गरेको सुवेदीले बताउनुभयो ।


## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
## गण्डकी प्रदेश नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०६/०५**

मादी गाउँपालिका कार्यालय तथा अन्तर्गतका संस्थाहरुको लागि आवश्यक तपशिल बमोजिमका पदहरुमा सेवा करारबाट पदपुर्ति गर्नुपर्ने भएको र उल्लेखित पदहरुमा कुनैपनि आवेदन पर्न नआएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई तोकिएको समयभित्र दरखास्त पेश गर्नुहुन पुनः यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र. सं. | विज्ञापन नं | पद | सेवा | समूह | माग संख्या | परीक्षाको किसिम | परीक्षा मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ४/२०८०-०८१ | मेडिक अफिसर | स्वास्थ्य | ज . हे . स . (आठौं) | १(एक) | लिखित/अन्तर्वार्ता | सम्पर्क मितिमा तोकिने छ। |
| २ | ६/२०८०-०८१ | ल्याव असिष्टेन्ट | स्वास्थ्य | मे.ल्या.टे (चौथों) | १(एक) | लिखित/अन्तर्वार्ता | सम्पर्क मितिमा तोकिने छ। |

१. आवश्यक न्यूनत्तम शैक्षिक योग्यताः
   क) क्र.स. १ को पदको हकमा मान्यता प्राप्त शिक्षण सस्थाबाट एम बि बि एस (MBBS) उतिर्ण गरी सम्बन्धित काउन्सिल बाट प्रमाण पत्र प्राप्त गरेको ।
   ख) क्र.स. २ को पदको हकमा मान्यता नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट लोक सेवा आयोगले तोकेको ल्याव टेक्निसियन पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको ।
२. उमेरः २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। (क्र.स. २ को पदको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको)
३. दरखास्त दिने स्थानः मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।
४. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा। साथै दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुल्ने समयमा ।
५. आवेदन फाराम लोकसेवा आयोगको वेबसाइट www. psc.gov.np बाट प्राप्त गर्न सकिने छ।
६. तलबः गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।
७. सम्पर्क मितिः दरखास्त पेश गर्ने अन्तिम दिनको भोलिपल्ट कार्यालय समयमा ।
८. दरखास्त दस्तुरः मेडिकल अधिकृतको लागि रु. १८००/- र ल्याव असिष्टेन्ट पदको लागि रु.८००/-
९. आवश्यक कागजातहरुः
   क) न्यूनत्तम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
   ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
१०. काउन्सील दर्ता प्रमाण पत्रको प्रतिलिपि
११. सम्पर्कः गाउँपालिकाको प्रशासन शाखा वा **फोन नं**. ०६१-५०६४०४

**प्रमुख प्रशासकीय अधिकृत.**